भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

प्रस्तावना

सामुदायिक विद्यालयहरुमा आधुनिक प्रविधि मैत्री र अनुसन्धानमा आधारित भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनोटको मापदण्ड निर्धारण गर्न तथा छनोट भएका विद्यालयहरूमा शैक्षिक गुणस्तर सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी शैक्षिक उपलब्धिमा सुधार गर्न आवश्यक भएकोले प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "**भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२**" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुने छ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**कार्यालय**" भन्नाले मन्त्रालय अन्तर्गतको सामाजिक विकास कार्यालयलाइ सम्झनुपर्दछ।

(ख) "**निर्देशनालय**" भन्नाले मन्त्रालय अन्तर्गतको शिक्षा विकास निर्देशनालयलाई सम्झनुपर्दछ ।

(ग) "**मन्त्रालय**" भन्नाले बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्दछ ।

(घ) "**माध्यमिक विद्यालय**" भन्नाले प्रारम्भिक बालविकासदेखि कक्षा बाह्रसम्मको शिक्षा दिइने विद्यालय सम्झनुपर्दछ ।

(ङ) "**सामुदायिक विद्यालय**" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ ।

(च) "**स्थानीय तह**" भन्नाले प्रदेशभित्रका महनगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समेतलाई सम्झनुपर्दछ ।

परिच्छेद-२

आवेदन एवम् छनोट प्रक्रिया

३. <u>आवेदनको पूर्व सर्तः</u> यस कार्यविधि बमोजिम भीमबहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि योग्य हुन देहायका सर्त पुरा गरेको हुनुपर्ने छः-

क) सामुदायिक माध्यमिक विद्यालय (कक्षा१-१२) सम्म सञ्चालन भएको हुनुपर्नेछ ।

ख) विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घको गठन भएको हुनुपर्नेछ ।

मा.कन्चन चन्द्र बादे
मन्त्री

ग) विद्यालयले सङ्घीय तथा सम्बन्धित स्थानीय तहबाट विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर सुधार कार्यक्रमहरू नपाएको हुनुपर्नेछ।

घ) विद्यालयले नियमित रूपमा एकीकृत शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनुपर्नेछ ।

ङ) नमूना(सङ्घीय तथा प्रदेशको), आवसीय र ठुला विद्यालयको रूपमा सञ्चालन नभएको हुनुपर्नेछ ।

च) आ.व. २०७९।०८०-२०८१।०८२ मा प्रदेश सरकारको विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम र शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम प्राप्त नगरेको हुनुपर्नेछ ।

छ) शैक्षिक सत्र २०८२ मा माध्यमिक तहमा ९ देखि १२ सम्ममा कम्तिमा ७५ जना विद्यार्थी भर्ना भइ अध्ययनरत हुनुपर्नेछ।

ज) आ.व.२०८२।०८३ मा सामाजिक विकास मन्त्रालय वा अन्तरगतका निकायवाट कुनै पनि कार्यक्रम प्राप्त गरेको भए आवेदन दिन पाइने छैन ।

झ) विद्यालयले आधुनिक प्राविधि मैत्री र अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षा प्रवर्द्धनमा सहयोग पुग्ने गरी आफ्नो आवश्यकताका आधारमा क्षेत्र वा क्रियाकलाप छनोट गरी प्रस्तावना पेस गर्नु पर्नेछ।

ञ) यस किसिमको कार्यक्रमको लागि अन्य कुनै निकायबाट सहायता वा अनुदान नलिइएको स्वःघोषणा पत्र पेश गर्नुपर्नेछ।

ट) विद्यालय सुधार योजना बार्षिक रुपमा अद्यावधिक गरेको हुनुपर्नेछ ।

४. <u>छनोट तथा सिफारिसका आधारहरुः</u> यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयहरुमा प्रविधि मैत्री र अनुसन्धानमा आधारित भीमबहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि विद्यालय छनोट गर्दा निम्न आधारहरू अवलम्वन गरिनेछः-

क) दफा ३ बमोजिमका सर्त पुरा गरेका सामुदायिक माध्यमिक विद्यालयहरूलाई सो कार्यक्रमका लागि सिफारिस तथा छनोट गर्दा अनुसूची-१ मा उल्लेखित **विद्यालय छनोटका सूचक मापनका आधारलाई** अवलम्बन गर्नुपर्नेछ,

ख) प्राप्त प्रस्तावनाहरूको आवेदन फाराममा उल्लिखित विवरण तथा उपलब्ध विद्यालयगत शैक्षिक तथ्याङ्कका आधारमा माध्यमिक तहका लागि अनुसूची-१ अनुसार प्रत्येक विद्यालयको मूल्याङ्कन गरी प्राप्ताङ्कका आधारमा सव भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यालयहरु मध्येबाट छनोट गर्नुपर्नेछ।

ग) एकभन्दा बढी विद्यालयको अङ्क बराबर भई छनोट हुन नसकेमा विद्यार्थी सङ्ख्या बढी हुने विद्यालयलाई प्राथमिकता दिई छनोट गरिनेछ।

५. <u>सिफारिस समितिः</u>(१) सामुदायिक विद्यालयहरुमा आधुनिक प्रविधि मैत्री र अनुसन्धानमा आधारित भीमबहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि प्राप्त आवेदनलाई दफा ४ को आधारमा मूल्याङ्कन गरी कार्यालयमा सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) कार्यालय प्रमुख, सामाजिक विकास कार्यालय - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख, सामजिक विकास कार्यालय -सदस्य

(ग) योजना तथा कार्यक्रम शाखाको अधिकृत, सामजिक विकास कार्यालय -सदस्य सचिव

मा.कन्चन चन्द्र वादे
मन्त्री

(२) समितिको बैठकमा आवश्यकतानुसार बढीमा तीनजना विज्ञ व्यक्तिलाई आमन्त्रित सदस्यको रूपमा राख्न सकिनेछ ।

६. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u> सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छः-

क) दफा ३ बमोजिमका सर्त पुरा गरेका सामुदायिक विद्यालयहरूले अनुदानका लागि अनुसूची-२ बमोजिमको आवेदन र तोकिएका कागजातहरू संलग्न राखी प्रस्ताव बुझाउन कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशित गर्ने गराउने,

ख) दफा ४ मा उल्लेखित आधारहरु बमोजिम विद्यालय छनोटका लागि कार्यालयमा सिफारिस गर्ने,

ग) निर्देशक समितिबाट प्राप्त निर्देशनहरू कार्यान्वयन गर्ने गराउने,

७. <u>निर्देशक समितिः</u> सामुदायिक विद्यालयहरुमा आधुनिक प्रविधि मैत्री र अनुसन्धानमा आधारित भीमबहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि आवश्यक नीति, योजना निर्माण एवम् मार्गदर्शन गर्न र विद्यालय छनोट गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) सचिव, सामाजिक विकास मन्त्रालय	-अध्यक्ष
(ख) महानिर्देशक, शिक्षा विकास निर्देशनालय	-सदस्य
(ग) निर्देशक, समितिले मनोनयन गरेको स्थानीय तहको शिक्षा शाखा प्रमुख	-सदस्य
(घ) मन्त्रालयले मनोननयन गरेको सामाजिक विकास कार्यालयको प्रमुख	-सदस्य
(ङ) योजना तथा शिक्षा विकास महाशाखा प्रमुख, मन्त्रालय	-सदस्य सचिव

८. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सामुदायिक विद्यालयहरुमा आधुनिक प्रविधि मैत्री र अनुसन्धानमा आधारित भीमबहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि नीति तथा योजना तर्जुमा गर्ने

(ख) कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड निर्धारण गर्ने

(ग) कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास कार्यालयलाई सहजीकरण गर्ने

(घ) अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकता अनुसार पृष्ठपोषण दिने ।

परिच्छेद-३

<u>कार्यक्रम कार्यान्वयन प्रकृया</u>

९. <u>सम्झौताः</u> (१) छनोट भएका विद्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछः-

(२) सम्झौतामा अनुदानबाट विद्यालयले सञ्चालन गर्ने कार्यक्रमहरू र त्यसको कार्ययोजना समावेश गर्नुपर्नेछ,

(३) विद्यालयले सम्झौताको एकप्रति सम्बन्धित स्थानीय तहमा बुझाउनुपर्नेछ,

भा.कन्चन चन्द्र बादे
मन्त्री

(४) छनोट भएका विद्यालयलाई प्रस्तावित कार्यक्रमको आधारमा अनुदान दिइनेछ। स्वीकृत अनुदान रकमको पहिलो किस्तामा ५० प्रतिशत र कार्यसम्पन्न भइसकेपछि बाँकी ५० प्रतिशत रकम भुक्तानी दिइनेछ। यसका लागि विद्यालयले कार्यसम्पन्न गरी सम्झौतामा तोकिएको समयभित्र फाँटवारी पेस गरिसक्नुपर्नेछ ।

१०. <u>कार्यान्वयन संयन्त्रः</u> (१) सम्झौतामा पेस गरिए अनुसारका कार्यक्रमहरू कार्ययोजना अनुसार विद्यालयले कार्यान्वयन गर्नुपर्नेछ। यस कार्यक्रमको कार्यान्वयनको नेतृत्व विद्यालय व्यवस्थापन समितिले गरी कार्यक्रममा शिक्षकको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्दछ,

(२) कार्यक्रम कार्यान्वयन गर्दा अनुसूची-४ मा उल्लेखित कार्यक्रमका क्षेत्रहरु मध्ये विद्यालयको आवश्यकता अनुसारको कार्यक्रम छनोट गरेको हुनुपर्नेछ। यसका लागि आवश्यकतानुसार कार्ययोजनाको विस्तृतीकरण गर्नुपर्नेछ। कार्यक्रम सञ्चालनका लागि विद्यालयले कार्यक्रमको स्वरूपअनुसार टिम बनाउने वा निश्चित जिम्मेवारी तोक्नुपर्दछ। विद्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ,

(३) गुणस्तरीय रूपमा कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यपकको हुनेछ ।

११. <u>अनुगमन तथा मूल्याङ्कनः</u> (१) प्रत्येक विद्यालयले यस कार्यक्रमको नतिजा सूची र तिनको सत्यापनका आधार तयार गरी त्यसका आधारमा विद्यालय व्यवस्थापन समितिले तोकेको समिति वा व्यक्तिले नियमित रूपमा अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गर्नुपर्दछ ।

(२) प्रभावकारी रूपमा कार्यक्रम कार्यान्वयन गर्नका लागि विद्यालयले स्थानीय तहले खटाएको प्रतिनिधि संयोजक र विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि तथा शिक्षक अभिभावक सङ्घको प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्नुपर्नेछ। यस समितिले अनुगमन योजना बनाई नियमित रूपमा पृष्ठपोषण दिने र कार्यसम्पन्न प्रतिवेदन समेत पेस गर्नुपर्नेछ ।

(३) यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय,कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहबाट पनि हुन सक्नेछ ।

१२. **शिक्षा विकास निर्देशनालयको काम, कर्तव्य र अधिकारः**

(क) कार्यविधिमा निर्धारण भएको प्रावधान बमोजिम कार्यक्रम सञ्चालन गर्न सामाजिक विकास कार्यालय र विद्यालयलाई सहजीकरण गर्ने,

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने/गराउने,

(ग) विद्यालय तथा स्थानीय तहबाट प्राप्त प्रतिवेदनहरु एकीकृत गरी नियमित रुपमा मन्त्रालयमा पेस गर्ने,

(घ) मन्त्रालयले तोके बमोजिमका अन्य कार्य गर्ने ।

मा.कन्चन चन्द्र वादे
मन्त्री

१३. सामाजिक विकास कार्यालयको काम, कर्तव्य र अधिकारः

(क) कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्यविधि अनुसार कम्तीमा १५ दिनको म्याद सहित राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी विद्यालयबाट प्रस्ताव माग गर्ने,

(ख) प्राप्त प्रस्तावहरुलाई मूल्याङ्कन गर्ने/गराउने,

(ग) मूल्याङ्कन भएका प्रस्तावहरु प्राथमिकता सहित विद्यालय छनोट समितिमा पेस गर्ने,

(घ) कार्यविधिमा निर्धारण भएको प्रावधान बमोजिम कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने,

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने/गराउने,

(च) विद्यालय तथा स्थानीय तहबाट प्राप्त प्रतिवेदनहरु एकीकृत गरी नियमित रुपमा शिक्षा विकास निर्देशनालयमा पेस गर्ने,

(छ) मन्त्रालय र शिक्षा विकास निर्देशनालयले तोके बमोजिमका अन्य कार्य गर्ने ।

परिच्छेद-४
विविध

१४. <u>खर्च व्यवस्थापनः</u> विनियोजन भएको बजेट मध्येबाट राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गर्ने र विद्यालयलाई अनुदान दिने कार्यमा खर्च गर्न सक्नेछ ।

१५. <u>लेखा तथा लेखापरीक्षणः</u> विद्यालयहरूले भीमबहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रमको अनुदान वापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नु पर्नेछ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

१६. <u>सरकारी बाँकी सरह असुलउपर गरिनेः</u> : विद्यालयहरूले भीमबहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रमको अनुदान प्राप्त गर्ने विद्यालयहरूले सम्झौतामा तोकिएको सर्त विपरीत कार्य गरेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह विद्यालयबाट असुलउपर गरिने छ ।

१७. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुने छ ।

१८. बाधा अड्काउ फुकाउः यस कार्यविधि प्रचलनको क्रममा कुनै बाधा अडचन आइपरेमा मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

मा.कान्चन चन्द्र बादे
मन्त्री

अनुसूची-१

(दफा-४ को खण्ड (क) र (ख) सँग सम्वन्धित)

भीमबहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालनका लागि विद्यालय छनोट सूचक मापन आधार

सूचक	मापनको आधार	अङ्क	स्रोत
१.भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या (चालु शैक्षिक सत्र, पूर्व प्राथमिक बाहेक)	• शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको २५ प्रतिशत भन्दा कम विद्यार्थीलाई सेवा प्रदान गरिएको ।	०	विद्यालयको अभिलेख, IEMIS
	• .शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको २५ देखि ५० प्रतिशत भन्दा कम विद्यार्थीलाई सेवा प्रदान गरिएको ।	१	
	• .शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्युनतम सङ्ख्याको ५० देखि ७५ प्रतिशत भन्दा कम विद्यार्थीलाई सेवा प्रदान गरिएको	२	
	• शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको ७५ प्रतिशत भन्दा बढी विद्यार्थीलाई सेवा प्रदान गरिएको ।	३	
२. कुल भर्नामा छात्राको प्रतिशत (आधारभूत तह १-८) राष्ट्रिय औसत २०८१	• शैक्षिक सत्र २०८१ को राष्ट्रिय औसत भन्दा कम रही आफ्नो विद्यालयको शैक्षिक सत्र २०८१ को भन्दा घटेको	०	IEMIS
	• शैक्षिक सत्र २०८१ को राष्ट्रिय औसत भन्दा कम रहे पनि आफ्नो विद्यालयको शैक्षिक सत्र २०८१ को भन्दा नघटेको	१	
	• आफ्नो विद्यालयको शैक्षिक सत्र २०८१ को भन्दा घटे तापनि शैक्षिक सत्र २०८१ को राष्ट्रिय औसत भन्दा बढी रहेको	२	
	• शैक्षिक सत्र २०८१ को राष्ट्रिय औसतसँग बराबर वा सो भन्दा बढी भई आफ्नो विद्यालयको शैक्षिक सत्र २०८१ को भन्दा बढेको	३	
३. कुल भर्नामा छात्राको प्रतिशत (माध्यमिक तह ९-१२)	• शैक्षिक सत्र २०८१ को राष्ट्रिय औसत भन्दा कम रही आफ्नो विद्यालयको शैक्षिक सत्र २०८१ को भन्दा घटेको	०	IEMIS

मा.कन्चन चन्द्र वादे
मन्त्री

राष्ट्रिय औसत २०८१	• शैक्षिक सत्र २०८१ को राष्ट्रिय औसत भन्दा कम रहे पनि आफ्नो विद्यालयको शैक्षिक सत्र २०८१ को भन्दा नघटेको • आफ्नो विद्यालयको शैक्षिक सत्र २०८१ को भन्दा घटे तापनि शैक्षिक सत्र २०८१ को राष्ट्रिय औसत भन्दा बढी रहेको • शैक्षिक सत्र २०८१ को राष्ट्रिय औसतसँग बराबर वा सो भन्दा बढी भई आफ्नो विद्यालयको शैक्षिक सत्र २०८१ को भन्दा बढेका	१ २ ३	
४. विद्यालय छाड्ने दर (कक्षा ८)	• १०% भन्दा बढी विद्यार्थीले विद्यालय छाडेको भएमा • ६% देखि १०% सम्म विद्यार्थीले विद्यालय छाडेको भएमा • ३% देखि ६% भन्दा कम विद्यार्थीले विद्यालय छाडेको भएमा • ३% भन्दा कम विद्यार्थीले विद्यालय छाडेको भएमा	० १ २ ३	IEMIS
५. विद्यालय छाड्ने दर (कक्षा १०)	• १०% भन्दा बढी विद्यार्थीले विद्यालय छाडेको भएमा • ६% देखि १०% सम्म विद्यार्थीले विद्यालय छाडेको भएमा • ३% देखि ६% भन्दा कम विद्यार्थीले विद्यालय छाडेको भएमा • ३% भन्दा कम विद्यार्थीले विद्यालय छाडेको भएमो भएमा	० १ २ ३	IEMIS
६. प्रविधिमा आधारित शिक्षण	• प्रविधिमा आधारित शिक्षण गर्न नसकिएको । • सातामा कम्तिमा १ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको । • सातामा कम्तिमा २ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको । • सातामा कम्तिमा ३ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको ।	० १ २ ३	प्रविधिमा आधारित शिक्षण भएको भरपर्दो प्रमाण आवश्यक परेको समयमा पेस गर्नु पर्ने

मा. कन्चन चन्द्र वादे
मन्त्री

७ विद्यार्थी विद्यार्थी बिच सम्बन्ध	• विद्यार्थी विद्यार्थी बिच सम्बन्ध स्थापन गर्ने कुनै उल्लेखनीय कार्यक्रम नभएको • विद्यार्थी विद्यार्थी बिच असल एवम अपेक्षीत सम्बन्ध स्थापनाका लागि विद्यालय आफैले आचार संहिता निर्माण गरी लागु गरेको • विद्यार्थी विद्यार्थी बिच असल एवम अपेक्षीत सम्बन्ध स्थापनाका लागि विद्यार्थीहरूसँगै आपसी छलफलबाट आचार संहिता निर्माण गरी लागु गरेको • अघिल्लोको आधार पुरा भई विद्यार्थी विद्यार्थीबिचमा आवश्यकताको आधारमा सिकाई सहयोगको वातावरण सिर्जना गरिएको	० ०.५ १ १.५	विव्यस / शिक्षक स्टाफ बैठकको माइन्युट सहित बनाइएको आचारसंहिता आवश्यक परेको समयमा पेस गर्नु पर्ने ।
८..शैक्षिक तथा मनोसामाजिक परामर्श	• शैक्षिक तथा मनोसामाजिक परामर्श कार्यकम प्रभावकारी रुपमा सञ्चालन हुन नसकेको । • विद्यालयमा शैक्षिक तथा मनोसामाजिक परामर्शसम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएको • अघिल्लो आधार पुरा भई चालु शैक्षक सत्रमा कूल विद्यार्थी सङ्ख्याको ५ प्रतिशत भन्दा बढी १० प्रतिशत सम्म विद्यार्थीहरूलाई शैक्षिक तथा मनोसामाजिक परामर्श प्रदान गरिएको • अघिल्लो आधार पुरा भई चालु शैक्षक सत्रमा कूल विद्यार्थी सङ्ख्याको १० प्रतिशत भन्दा बढी विद्यार्थीहरूलाई शैक्षिक तथा मनोसामाजिक परामर्श प्रदान गरिएको	० ०.५ १ १.५	यस कार्य व्यवस्थापन गर्न गरिएका निर्णयहरू एवम् सम्पादित कार्य प्रतिवेदन आवश्यक परेको समयमा पेस गर्नु पर्ने
९. बालबालिकाको स्वास्थ्य तथा पोषण	• यस शैक्षिक सत्रमा कुनै पनि बालबालिकाको स्वास्थ्य परीक्षण गरिएको छैन । • यस शैक्षिक सत्रमा ५० प्रतिशत भन्दा बढी बालबालिकाको स्वास्थ्य परीक्षण गरिएको • अघिल्लो आधार पुरा भई विद्यालयमा सबै विद्यार्थीका	० १	विद्यालयको स्वास्थ्य अभिलेख आवश्यक परेको समयमा पेस गर्नु पर्ने

भा.कन्चन चन्द्र वादे
मन्त्री

	लागि खाजा व्यवस्थापन गर्न सक्ने चमेना गृहको व्यवस्था समेत भएको । • अघिल्लो आधार पुरा भई विद्यालयमा जङ्क फुड व्यवस्थापन सम्बन्धी निर्देशिका/आचारसंहित निर्माण गरी प्रयोगमा ल्याइएको	२ ३	
१०.अतिरिक्त तथा सह कियाकलाप योजना निर्माण तथा कार्यान्वयन	• अतिरिक्त तथा सह कियाकलापको प्रमाणित वार्षिक योजना नभएको । • अतिरिक्त तथा सह कियाकलापको प्रमाणित वार्षिक योजना भई योजनामा विद्यालयका सबै विद्यार्थीहरूलाई कम्तिमा एक कियाकलापमा सहभागी हुने गरी व्यवस्थापन गरिएको • अघिल्लो आधार पुरा भई योजनाको हालसम्म ६० प्रतिशत भन्दा बढी कार्यान्वयन भएको • अघिल्ला आधार पुरा भै कुल विद्यार्थी सङ्ख्याको ५० प्रतिशत विद्यार्थीले कुनै न कुनै कियाकलापमा सहभागी हुने मौका प्राप्त गरेका ।	० १ २ ३	विद्यालयको शैक्षिक क्यालेन्डर एवम् अतिरिक्त तथा सह कियाकलाप योजना निर्माण तथा कार्यान्वयनको प्रतिवेदन आवश्यक परेको समयमा पेस गर्नु पर्ने
११. बाल केन्द्रित समूहहरूको गठन तथा परिचालन	• विद्यालयमा बालक्लब, एवं अन्य कुनै पनि समूहहरू आधिकारिक रुपमा गठन नभएको । • कुनै एक क्लब वा समूह आधिकारिक रुपमा गठन भई क्रियाशील भएको । • कुनै दुई क्लब वा समूह आधिकारिक रुपमा गठन भई कृयाशील भएको । • कुनै तीन क्लब वा समूह आधिकारिक रुपमा गठन भई क्रियाशील भएको ।	० १ २ ३	गठन गर्न गरिएको निर्णय एवम् गठन तथा पुनर्गठन भएको मिति उल्लेख गर्नु पर्ने
१२. उपचारात्मक शिक्षण व्यवस्थापन	• निरन्तर मूल्याङ्कन पद्धतिको प्रयोग गरी उपचारात्मक शिक्षण गर्नु पर्ने बालबालिकाहरू पहिचान गर्ने नगरिएको • आवश्यकता महशुस गरिएको विद्यार्थी सङ्ख्याको ५०% देखि ७५ % सम्म विद्यार्थीले उपचारात्मक शिक्षण सेवा प्राप्त गरेका । • आवश्यकता महशुस गरिएको विद्यार्थी सङ्ख्याको ७५% भन्दा बढी ९०% सम्म विद्यार्थीले उपचारात्मक शिक्षण	० ०.५ १	उपचारात्मक शिक्षण व्यवस्थापन गर्न गरिएका निर्णयहरू एवम् सम्पादित कार्य प्रतिवेदन आवश्यक परेको समयमा पेस गर्नु

मा. कन्चन चन्द्र बादे
मन्त्री

	सेवा प्राप्त गरेका । • आवश्यकता महशुस गरिएको विद्यार्थी सङ्ख्याको ९०% भन्दा बढी विद्यार्थीले उपचारात्मक शिक्षण सेवा प्राप्त गरेका।	१.५	पर्ने
१३ विद्यार्थी केन्द्रित व्यवस्थापन र नविनतम तथा सिर्जनात्मक तरिकाहरु	• विद्यालयले विद्यार्थी केन्द्रित व्यवस्थापनमा नविनतम तथा सिर्जनात्मक तरिकाहरू प्रयोग नगरेको • कुनै एक नविनतम तथा सिर्जनात्मक तरिकाहरू प्रयोग गरेको • कुनै दुई नविनतम तथा सिर्जनात्मक तरिकाहरू प्रयोग गरेको • कुनै तीन नविनतम तथा सिर्जनात्मक तरिकाहरू प्रयोग गरेको	० १ २ ३	यस कार्य व्यवस्थापन गर्न गरिएका निर्णयहरू एवम सम्पादित कार्य प्रतिवेदन आवश्यक परेको समयमा पेस गर्नु पर्ने ।
१४.कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका बालबालिकाहरूको सहयोग व्यवस्थापन	• आर्थिक रुपमा कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क व्यवस्थित नगरिएको • आवश्यकता महशुस गरिएको विद्यार्थी सङ्ख्याको ५०% देखि ७५ % विद्यार्थीले विद्यालय पोसाक तथा स्टेसनरी एवं अन्य सहयोग प्राप्त गरेका । • आवश्यकता महशुस गरिएको विद्यार्थी सङ्ख्याको ७५% भन्दा बढी ९०% सम्म विद्यार्थीले विद्यालय पोसाक तथा स्टेसनरी एवम् अन्य सहयोग प्राप्त गरेका । • आवश्यकता महसुस गरिएको विद्यार्थी सङ्ख्याको ९०% भन्दा बढी विद्यार्थीले विद्यालय पोसाक तथा स्टेसनरी एवम् अन्य सहयोग प्राप्त गरेका ।	० ०.५ १ १.५	यस कार्य व्यवस्थापन गर्न गरिएका निर्णयहरू एवम् सम्पादित कार्य प्रतिवेदन आवश्यक परेको समयमा पेश गर्नु पर्ने
	जम्मा	३६	

मा.कन्चन चन्द्र वादे
मन्त्री

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौडा, नेपाल

अनुसूची २

(दफा-४ को खण्ड "क" सँग सम्बन्धित)

सामाजिक विकास कार्यालय,........

....

आवेदनको ढाँचा

१. विद्यालयको नाम :　　　　　　२. विद्यालयको EMIS सङ्केत नं.:

३. सञ्चालित कक्षा :

४. ठेगाना : गापा /नपा:　　　　वडा नं:　　　　स्थान:

इमेल ठेगाना　　　　मोबाइल न

५. विद्यार्थीको पहुँच, समता, गुणस्तर र सक्षमता:

सूचकहरू	शैक्षिक सत्र २०८०	शैक्षिक सत्र २०८१	सत्यापनको आधार
५.१ भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या (पूर्व प्राथमिक बाहेक):			
५.२ कुल भर्नामा छात्राको प्रतिशत (आधारभूत, कक्षा १-८)			
५.३ कुल भर्नामा छात्राको प्रतिशत (माध्यमिक, कक्षा ९-१०)			
५.४ विद्यालय छाड्ने दर (कक्षा ८)			
५.५ विद्यालय छाड्ने दर (कक्षा १०)			

६. बालबालिकाको स्वास्थ्य तथा पोषण:

सूचकहरू	विवरण	विवरण	सत्यापनको आधार
६.१ स्वास्थ्य परीक्षण	यस शैक्षिक सत्रमा विद्यालयको पहलमा बालबालिकाको स्वास्थ्य परीक्षण गरियो ☐ /गरिएन ☐	गरिएको भए कुनै एकपटक स्वास्थ्य परीक्षण गरिएका बालबालिकाहरूको सङ्ख्या: .... कुल विद्यार्थीको आधारमा %:	
६.२ चमेना गृह	विद्यालयमा विद्यार्थीका लागि खाजा व्यवस्थापन गर्न सक्ने चमेना गृहको व्यवस्था छ ☐ /छैन ☐	छ भने खाजा समयमा कति जना विद्यार्थीले खाजा खान सक्छन् ?......जना	
६.३ जङ्क फुड व्यवस्थापन	विद्यालयमा जङ्क फुड व्यवस्थापनसम्बन्धी निर्देशिका/आचार संहित निर्माण गरी प्रयोगमा ल्याइएको छ ☐/छैन ☐	आचारसंहिता छ भने कसले बनाइयो?	

७. अतिरिक्त तथा सह क्रियाकलाप योजना निर्माण तथा कार्यान्वयन:

सूचकहरू	विवरण	विवरण	सत्यापनको आधार
७.१ अतिरिक्त तथा सह क्रियाकलापको योजना	यस शैक्षिक सत्रका लागि अतिरिक्त तथा सह क्रियाकलापको योजना शैक्षिक क्यालेन्डरमा उल्लेख गरिएको छ ☐ /छैन ☐	यदि छ भने योजनामा भएका क्रियाकलापहरूमा विद्यालयका सबै विद्यार्थीहरूले सहभागिताको अवसर प्राप्त गर्न सक्छन् ☐सक्दैनन☐	

मा. कन्चन चन्द्र बादे
मन्त्री

७.२ अतिरिक्त तथा सह कियाकलापको कार्यान्वयन	यस शैक्षिक सत्रमा योजनामा भएका कियाकलापहरूमा कति प्रतिशत कार्यक्रम सम्पन्न भयो ?	हालसम्म कतिजना विद्यार्थीले कुनै एक कियाकलापमा सहभागी हुने अवसर प्राप्त गरे ? .... कूल विद्यार्थीको अनुपातमा %:......................	

८. बाल केन्द्रित समूहहरूको गठन तथा परिचालन

सूचकहरू	गठन भएको मिति	पुनर्गठन भएको मिति	गरेको महत्त्वपूर्ण कार्य	सत्यापनको आधार
८.१ बाल क्लब			कार्यक्रमको नाम: सञ्चालन भएको मिति:	
८.२ जुरेस			कार्यक्रमको नाम: सञ्चालन भएको मिति:	
८.३ स्काउट			कार्यक्रमको नाम: सञ्चालन भएको मिति:	
८.४ इको क्लब			कार्यक्रमको नाम: संचालन भएको मिति:	
अन्य....			कार्यक्रमको नाम: सञ्चालन भएको मिति:	
....				

९. उपचारात्मक शिक्षण व्यवस्थापन

सूचकहरू	विवरण	विवरण	सत्यापनको आधार
९.१ उपचारात्मक शिक्षण आवश्यक पर्ने विद्यार्थीहरूको पहिचान र उपचारात्मक शिक्षण	निरन्तर मूल्याङ्कन पद्धतिको प्रयोग गरी उपचारात्मक शिक्षण गर्नु पर्ने बालबालिकाहरू पहिचान गर्ने गरिएको ☐ / नगरिएको ☐	यदि गरिएको हो भने यस शैक्षिक सत्रमा विभिन्न कक्षाका कतिजना विद्यार्थीलाई उपचारात्मक शिक्षणको आवश्यकता महशुस गरियो ? .... आवश्यकता महशुस गरिएकामध्ये उपचारात्मक शिक्षण प्राप्त गरेकाको सङ्ख्या.............................:	

१० विद्यार्थी केन्द्रित व्यवस्थापनमा नवीनतम तथा सिर्जनात्मक तरिकाहरू

सूचकहरू	विवरण	विवरण	सत्यापनको आधार
१०.१ विद्यार्थी केन्द्रित व्यवस्थापनमा नवीनतम तथा सिर्जनात्मक तरिकाहरूको प्रयोग	विद्यार्थी केन्द्रित व्यवस्थापनमा विद्यालयको पहलमा नवीनतम तथा सिर्जनात्मक तरिकाहरूको प्रयोग गर्ने नगरिएको ☐ /गरिएको ☐	यदि गरिएको हो भने यस शैक्षिक सत्रमा विद्यालयले सम्पन्न गरेका तीनवटा नवीनतम तथा सिर्जनात्मक तरिकाहरू उल्लेख गर्नुहोस । क ख ग...........	

११. कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका बालबालिकाहरूको सहयोग व्यवस्थापन

सूचकहरू	विवरण	विवरण	सत्यापनको आधार

मा. कान्चन चन्द्र वादे
मन्त्री

११. १ कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका बालबालिकाहरूको सहयोग व्यवस्थापन	यस शैक्षिक सत्रमा आर्थिक रुपमा कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क व्यवस्थित नगरिएको /गरिएको	यदि गरिएको हो भने यस शैक्षिक सत्रमा विभिन्न कक्षाका कतिजना विद्यार्थी आर्थिक रुपमा कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका पाइयो ? .... उनीहरूमध्ये कतिले विद्यालय पोसाक तथा स्टेशनरी एवम् अन्य सहयोग प्राप्त गरे ? .... विद्यालय पोशाक तथा स्टेसनरी तथा अन्य सहयोग प्राप्त गरेकाकोः :	

१२. प्रविधिमा आधारित शिक्षण

सूचकहरू	विवरण	सत्यापनको आधार
१२.१ प्रविधिमा आधारित शिक्षण	• जम्मा कक्षा सङ्ख्या: • प्रविधिमा आधारित शिक्षण गने गरिएको ☐ /नगरिएको ☐ यदि गरिएको भए – सातामा कम्तिमा १ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको ☐ – सातामा कम्तिमा २ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको ☐ – सातामा कम्तिमा ३ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको ☐	

१३. मातृ भाषामा शिक्षण व्यवस्थापन:

सूचकहरू	विवरण	सत्यापनको आधार
१३.१ मातृ भाषामा शिक्षण व्यवस्थापन	• चालु शैक्षिक सत्रमा आफ्ना विद्यालयमा भर्ना भएकामध्ये मातृभाषामा शिक्षा दिनु पर्ने बालबालिकाहरू पहिचान गरी मातृभाषामा शिक्षण गरिएको ☐ / नगरिएको ☐ • बहुभाषिक कक्षा व्यवस्थापनसम्बन्धी तालिम सम्बन्धित शिक्षकहरूलाई प्रदान गरिएको ☐ / नगरिएको ☐ • शिक्षकहरूको सहयोगमा मातृभाषामा आधारित अध्ययन सामग्री तयार गरी प्रयोग गर्ने गरिएको ☐ /नगरिएको ☐	

१४. विद्यार्थी- विद्यार्थीबिच सम्बन्ध स्थापना

सूचकहरू	विवरण	सत्यापनको आधार
१४.१ विद्यार्थी-शिक्षकबिच सम्बन्ध स्थापना	• विद्यार्थी- विद्यार्थी बिच सम्बन्ध स्थापना गर्ने उल्लेखनीय कार्यकम भएको ☐ /नभएको ☐ यदि भएको भए – विद्यार्थी- विद्यार्थी बिच असल एवम् अपेक्षित सम्बन्ध स्थापनाका लागि विद्यालय आफैले आचारसहिता निर्माण गरी लागु गरेको ☐ /नगरेको ☐ – विद्यार्थी- विद्यार्थीबिच असल एवम् अपेक्षित सम्बन्ध स्थापनाका लागि विद्याथीहरूसँगै आपसी छलफलबाट आचारसंहिता निर्माण गरी लागु गरेको ☐ /नगरेक ☐ – विद्यार्थी-विद्यार्थी बिचमा आवश्यकताको आधारमा सिकाइ सहयोगको वातावरण सिर्जना	

मा. कन्चन चन्द्र बादे

	गरिएको ▭ /नगरिएको ▭	

१५. विद्यार्थी- शिक्षकबिच सम्बन्ध स्थापना

सूचकहरू	विवरण	सत्यापनको आधार
१५.१ विद्यार्थी- शिक्षकबिच सम्बन्ध स्थापना	• विद्यार्थी- शिक्षकबिच सम्बन्ध स्थापना गर्ने उल्लेखनीय कार्यक्रम भएको ▭ /नभएको ▭ यदि भएको भए – विद्यार्थी- शिक्षक बिच असल एवम् अपेक्षित सम्बन्ध स्थापनाका लागि विद्यालय आफैले आचारसंहिता निर्माण गरी लागु गरेको ▭ /नगरेको ▭ – विद्यार्थी- शिक्षकबिच असल एवम् अपेक्षित सम्बन्ध स्थापनाका लागि विद्यार्थीहरूसँगै आपसी छलफलबाट आचारसंहिता निर्माण गरी लागु गरेको ▭ /नगरेको ▭ – विद्यार्थी- शिक्षक बिचमा आवश्यकताको आधारमा नियमित कक्षामा बाहेक कक्षा बाहिरसमेत शैक्षिक सहयोग आदान प्रदान गर्ने वातावरण तयार गरेको ▭ /नगरेको ▭	

१६. शैक्षिक तथा मनोसामाजिक परामर्श

सूचकहरू	विवरण	सत्यापनको आधार
१६.१ शैक्षिक तथा मनोसामाजिक परामर्श	• शैक्षिक तथा मनोसामाजिक परामर्श कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुन सकेको ▭ / नसकेको ▭ • विद्यालयमा शैक्षिक तथा मनोसामाजिक परामर्शसम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएका ▭ /नल्याइएको ▭ यदि ल्याइएको भए – आवश्यकताको आधारमा मनोसामाजिक परामर्श उपलब्ध गराइएको विद्यार्थी सङ्ख्याको % :	

१७.यस अनुदानबाट सम्पादन गरिने कार्यहरूः

सम्पादन गरिने कार्यहरू	सम्पादन गरिने कार्यहरूको सङ्क्षिप्त विवरण

१८. अभिलेखन तथा प्रमाणित गर्ने

शिक्षकको नाम: प्रअको नाम: विव्यस अध्यक्षको नाम:

दस्तखत दस्तखत: दस्तखत:

शिक्षकको नाम: विद्यालयको छाप: मिति:

दस्तखत

१५

मा.कन्चन चन्द्र बादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची ३

(दफा-९ को उपदफा (१)सँग सम्वन्धित)

<u>सम्झौतापत्रको ढाँचा</u>

सामाजिक विकास कार्यालय, (जसलाई प्रथम पक्ष भनिएको छ) र जिल्ला ....वडा नं. .... मा सञ्चालित श्री .... (जसलाई द्वितीय पक्ष भनिएको छ) बिच भीमबहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालनका लागि तपसिलका सर्तहरू पालना गर्नेगरी यो सम्झौता गरिदियौं, लियौं ।

<u>क. प्रथम पक्षले पालन गर्नुपर्ने सर्तहरुः-</u>

१. विद्यालयलाई प्रस्ताव अनुसारको कार्यक्रमको शैक्षिक कार्यक्रम व्यवस्थापनका लागि अधिकतम रु........ मात्र विद्यालयको खातामा तोकिए अनुसार किस्तामा अनुदान दिइनेछ।

२. विद्यालयलाई कार्यक्रम सञ्चालनका लागि सम्झौता भए पश्चात पहिलो किस्तामा ५० प्रतिशतले हुन आउने रकम विद्यालयको खातामा अनुदान निकासा दिइनेछ बाँकी ५० प्रतिशतसम्मको रकम बिल भरपाइ बमोजिम कार्य सम्पन्न गरेपछि विद्यालयको खातामा अनुदान रकम निकासा गरिनेछ।

३. तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्ष अन्तिम किस्ता रकम निकासा दिन बाध्य हुनेछैन र सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्षले दोस्रो पक्षलाई प्रथम किस्ता वापतको दिएको निकासा रकम बाँकी सरह असुल उपर गरिनेछ।

४. विद्यालयले तोकिएको सर्तअनुसारको प्रकृया पुरा गरी कागजात पेस गरेपछि प्रथम पक्षले अन्तिम किस्ता अनुदान रकम निकासा दिनेछ।

५. सम्झौता विपरित कार्य गरेको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा पनि यो सम्झौता रद्द गरी दिइएको अनुदान रकम असुलउपर गरिनेछ।

<u>ख. दोस्रो पक्षले पालना गर्नुपर्ने सर्तहरू</u>

१. दोस्रो पक्षले २०८३ जेठ मसान्त भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

२. क्रियाकलाप छनोट गर्दा आधुनिक प्रविधि सँग सम्बन्धित क्रियाकलापको लागि सम्झौता रकमको ५० प्रतिशत र बाँकी रकम अनुसन्धानमा आधारित क्रियाकलापमा खर्च गर्नु पर्नेछ ।

३. विद्यालयले विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर सुधार कार्यक्रमका लागि स्थानीय तह र सामाजिक विकास कार्यालयसँग समन्वय गरी सम्झौता भएको सात दिनभित्र कार्य प्रारम्भ गर्नुपर्नेछ।

४. प्रस्तावमा पेस गरिएअनुसारका कार्यक्रमहरू कार्ययोजनाअनुसार विद्यालयले कार्यान्वयन गर्नुपर्नेछ। यस कार्यक्रमको कार्यान्वयनको नेतृत्व विद्यालय व्यवस्थापन समितिले गरी कार्यक्रममा शिक्षकको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्दछ।

५. कार्यक्रम कार्यान्वयन गर्दा शैक्षिक उपलब्धि सुधारमा केन्द्रित हुनुपर्नेछ । कार्यक्रम सञ्चालनका लागि विद्यालयले कार्यक्रमको स्वरूपअनुसार टिम बनाउने वा निश्चित जिम्मेवारी तोक्नुपर्दछ । विद्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ ।

६. गुणस्तरीय रूपमा कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

७. विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर सुधार कार्यक्रम सञ्चालनका लागि विद्यालयले लागत अनुमान तथा Specification (आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहमा कार्यरत प्राविधिकहरूबाट) तथा अन्य आवश्यक कागजात विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई प्रधानाध्यापकबाट स्वीकृत गरी अगाडि बढाउनु पर्नेछ

मा. कन्चन चन्द्र वादे
मन्त्री

९. विद्यालयले स्थानीय तहले खटाएको प्रतिनिधि संयोजक र विव्यसको प्रतिनिधि तथा शिक्षक अभिभावक सङ्घको प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्नुपर्नेछ । यस समितिले अनुगमन योजना बनाई नियमित रूपमा पृष्ठपोषण दिने र कार्यसम्पन्न प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नुपर्नेछ ।

१०. विद्यालयले कार्यक्रम सञ्चालन पूर्वको अवस्था र कार्यक्रम सम्पन्न भए पश्चातको अवस्थाको विश्लेषण गरी कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गरी प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नुपर्नेछ ।

११. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजानिक निर्माण तथा खरिद सम्वन्धी प्रचलित ऐन नियम (संशोधनसहितको सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४) तथा कार्यविधिअनुसार गर्नु गराउनुपर्नेछ।

१२. कार्य सम्पन्न भइसकेपछि सो सम्बन्धी सामग्रीको जिन्सी दाखिला गर्ने, सामग्रीको उपयोग तथा सोको रेखदेख र उचित मर्मत सम्भार गर्ने कार्य स्वतः विद्यालयको नै हुनेछ।

१३. दोस्रो किस्ता माग गर्दा निम्न कागजातहरू पेस गर्नुपर्नेछः-

(क) स्वीकृत खरिद लागत अनुमान, स्पेसिफिकेसन अथवा मूल्य सूचीअनुसारको कार्य सम्पन्न भई शिक्षकहरूको स्टाफ बैठकले विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर सुधार कार्यक्रम सम्पन्न भएको भनी निर्णय गरेको निर्णय प्रतिलिपि र स्थानीय तहले कार्य सम्पन्न भएकोले भुक्तानीका लागि सिफारिस गरेको पत्र ।

(ख) विद्यालय व्यवस्थापन समितिबाट लागत अनुमान स्पेसिफिकेसन अनुसारको कार्य विवरण खोली सो अनुसार कार्य सम्पन्न भएको भन्ने निर्णय र आवश्यकताअनुसार सम्बन्धित प्राविधिक प्रतिवेदन ।

(ग) बिल भपाईको प्रध्यानध्यापकबाट प्रमाणित प्रतिलिपि ।

(घ) सञ्चालन भएका क्रियाकलापहरू र खरिद गरी स्थापना गरिएको सामानहरूको फोटाहरू।

(ङ) सामान खरिदको हकमा जिन्सी दाखिला गरेको दाखिला प्रतिवेदन ।

(च) विद्यालयले कार्य सम्पन्न गर्दा गरेको सम्पुर्ण कामको रकमसहितको कार्य सम्पन्न प्रतिवेदन ।

<u>सम्झौता गर्ने व्यक्तिहरू</u>

<u>सामजिक विकास कार्यालयको तर्फबाटः</u>

1. कार्यालय प्रमुखको नाम
   हस्ताक्षर ....

२. योजना तथा कार्यक्रम शाखा प्रमुखको नामः
   हस्ताक्षर.......................................

<u>विद्यालयको तर्फबाटः</u>

१ व्यवस्थापन समितिको अध्यक्षको नाम
हस्ताक्षर.............................

२.प्रधानाध्यापकको नाम
हस्ताक्षर...

सम्झौता सम्पन्न भएको मितिः | |

मा.कन्चन चन्द्र वादे
मन्त्री

अनुसूची-४

(दफा-१० को उपदफा (२) सँग सम्बन्धित)

<u>खर्च शीर्षकको सीमा/प्रकृति, अनुगमन एवम् मूल्याकनको आधार</u>

सम्वन्धित विद्यालयले कार्यक्रममा समावेश हुने क्षेत्र वा क्रियाकलापको छनोट गर्दा विद्यार्थीको सिकाइ क्रियाकलापमा परिमार्जन गरी नतिजा सुधारमा केन्द्रित भई विद्यालयको आवश्यकताका आधारमा तपसिलका क्षेत्रसंग सम्बन्धित क्रियाकलाप छनोट गर्नुपर्नेछः

- बाल केन्द्रित सिकाई वातावरण तथा सिकाइ कुना सहितको कक्षा व्यवस्थापन
- पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धिलाई समेटी प्रत्येक विषयको शिक्षण सुधार योजना निर्माण गर्ने
- उपचारात्मक शिक्षण आवश्यक पर्ने विद्यार्थीहरूको पहिचान र उपचारात्मक शिक्षण (विषयगत रुपमा पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरु मध्ये विद्यार्थीले हासिल गर्न नसकेका सिकाइ उपलब्धिको क्षेत्रलाई समेटिनु पर्ने)
- E-library तथा पुस्तकालय (बाल विकास देखि कक्षा १२ सम्मका लागि उपयोगी सन्दर्भ सामग्रीहरु) सुदृढीकरण
- विद्यार्थीहरुको प्रोर्टफोलियो र आन्तरिक मूल्याङ्कन पद्धतिको प्रभावकारी व्यवस्थापन
- सूचना प्रविधिका उपकरणहरुको व्यवस्था सहित शिक्षण सिकाइ
- आवश्यकता अनुसार विद्यालयको सफ्टवेयर निर्माण
- विद्यार्थी तथा शिक्षक निर्मित सामाग्रीसहितको विषयगत प्रयोगशाला निर्माण (गणित, भाषा र सामाजिक अध्ययन विषय)
- अद्यावधिक विद्यालय सुधार योजनाको विज्ञ समूहबाट स्वतन्त्र परीक्षण
- विद्यालयमा आधारित प्रश्नपत्र निर्माण तथा नतिजा विश्लेषण कार्यशाला सञ्चालन
- विज्ञ / परामर्शकर्ताद्धारा कक्षा १०-१२ को लागि विद्यार्थी भविष्य मार्ग परामर्श सेवा सञ्चालन
- बाल साहित्य भित्तेपत्रिका प्रकाशन
- सहचारी/सहपाठी कक्षा अवलोकन र सो को प्रतिवेदन उपर मासिक समीक्षा
- स्काउट सेवा सञ्चालन, संगीत तथा वाद्यवादन सीप विकास (सामाग्री खरिद बाहेक अन्य रचनात्मक र प्रवर्द्धनात्मक कार्य मात्र)

मा.कन्चन चन्द्र वादे
मन्त्री

- शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी भक्तपुरबाट विकास गरिएको कार्य दक्षता परीक्षणको सूचकका आधारमा विद्यालय स्वःमूल्यांकन तथा प्रतिवेदन तयारी
- सिकाइ समस्यामा आधारित एक शिक्षक कम्तीमा एक कार्यमूलक अनुसन्धान र प्रतिवेदन तयारी
- स्थानीय स्वास्थ्य सेवा केन्द्रको समन्वयमा विद्यार्थी स्वास्थ्य जाँचको प्रबन्ध
- सिकाइ सुधारका लागि अभिभावक/ निवृत्त राष्ट्रसेवकहरुको ज्ञान, सीप र अनुभव हस्तान्तरण कार्यक्रम
- विद्यालयमा नमूना संसद तथा नगर सभा/ गाउँ सभा सञ्चालनको अभ्यास
- अभिभावक र जनप्रतिनिधिहरुको उपस्थितिमा सामाजिक परीक्षण प्रतिवेदन उपर सार्वजनिक सुनूवाइ कार्यक्रम
- अभिभावकहरुको सहयोग र सहभागितामा रैथाने र स्थानीय शैक्षिक सामाग्रीहरुको संग्रह र अभिलेख व्यवस्था
- आविष्कार र अन्वेषणमा आधारित विद्यार्थी उद्यमशीलता प्रर्बद्धन कार्यक्रम

मा.कन्चन चन्द्र बादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-५

(दफा-३ को (ज) सँग सम्बन्धित स्वघोषणा पत्र)

विद्यालय/शिक्षण संस्थाको नाम

मिति:-

श्री सामाजिक विकास कार्यालय

.............................., ... ।

विषय:- स्वघोषणा सम्वन्धमा ।

प्रस्तुत विषयमा यस विद्यालयमा शैक्षिक गुणस्तर सुधार/अभिवृद्धि सम्वन्धी कार्यक्रम हालसम्म कुनै पनि सरकारी निकायहरुबाट सञ्चालन नभएको व्यहोरा स्वघोषणा गर्दछु ।

स्वघोषणा गर्ने प्र.अ./प्रमुख

नाम:

ठेगाना: